बैठक संख्या : १०

मिती : २०७८।०२।२३ गते स्थान : राप्ती नगरपालिका

समय : साझ ५ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

का.वा. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्बिका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

बैठक संख्या ९०                                                  मिति २०७८।०२।२३

**प्रस्तावहरु**

१. नगरसभा तयारी सम्वन्धमा ।
   क) स्थान र समय तोक्ने ।
   ख) व्यवस्थापन (खाना,खाजा,हल आदी) सम्वन्धमा ।
२. वडा तथा शाखाको सिलिङ र योजना तथा कार्यक्रम सम्वन्धमा ।
३. विभिन्न विषयगत समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
४. नगरको नीति तथा कार्यक्रम र बजेट वक्तव्य तयारी सम्वन्धमा ।
५. बजेट तथा योजना तर्जुमाको बैठक सम्वन्धमा ।
६. आगामी कार्य योजना तयार गर्ने सम्वन्धमा ।
७. आगामी कार्यपालिका बैठक सम्वन्धमा ।
८. विभिन्न कार्यविधि तथा नियमावली सम्वन्धमा ।
९. खरको छानो बिस्तापित कार्यक्रम तथा जनता आवास कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धमा ।
१०. योजना तथा कार्यक्रमको सम्झौता रोक्का सम्वन्धमा ।
११. अख्तियारमा उजुरी परेका योजनाहरुको भुक्तानी सम्बन्धमा ।
१२. आर्थिक सहायता सम्वन्धमा ।
१३. भूमीहिन तथा अव्यवस्थित बसोबासीको अनलाइन डाटा इन्ट्री गर्ने सम्बन्धमा ।
१४. भूमिहिन तथा अव्यवस्थित कार्यको गुनासो सुनुवाइ तथा व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा रासी नगरपालिकाको २०७८ सालमा हुने नगरसभाको ९ औ अधिवेशन अर्थात बजेट अधिवेशनको समग्र व्यवस्थापन गर्न वडा नं. ७, ८, र ९ वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुलाई जिम्मा दिने निर्णय गरियो ।

**तपसिल**

मिति : २०७८ असार ७ गते
स्थान : मगर सभा हल, रासी-७, चितवन
समय : विहान ७:०० बजे देखी

बैठक संख्या ९०

मिति २०७८।०२।२३

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकार समानिकरण अनुदान, प्रदेश सरकार समानीकरण अनुदान, राजश्व बाँडफाटबाट प्राप्त आय र राजश्व परामर्श समितिले अनुमानित गरेको आन्तारिक आएको आधारमा र प्रदेश शसर्त अनुदान प्राप्त भए सोही बमोजिम गर्ने गरी आ.व. ०७८/७९ को लागि स्रोत अनुमान गर्ने र प्रत्येक वडाको कार्यक्रम कुनै स्रोत प्राप्त भएमा वा मौज्दात रहेमा मात्र संचालन गर्ने गरि ३० लाख घाटा बजेट कार्यक्रम समावेश हुने गरि देहाय अनुसार सिमा निर्धारण गर्ने निर्णय गरियो ।

क. स्रोत एकिन

| क्र सं. | शि.नं. | शीर्षक | प्रास्तावित आय ०७७/७८ | संशोधित आय ०७७/७८ | प्रास्तावित आय ०७८/७९ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | संघीय सरकार | १६६२००००० | १६६२००००० | ४८९७००००० | |
| १.१ | १३३११ | समानिकरण अनुदान | १६६२००००० | १६६२००००० | १७४५००००० | |
| १.२ | १३३१२ | शशर्त अनुदान चालु | | | ३१५२००००० | बाडफाड गर्न नसकिने |
| १.३ | १३३१५ | विषेश पुजीगत अनुदान | | | | |
| १.४ | १३३१८ | अन्य अनुदान | | | | |
| २ | | प्रदेश सरकार | १०७९७००० | १०७९७००० | १५२४४००० | |
| २.१ | १३३११ | समानिकरण अनुदान | १०७९७००० | १०७९७००० | १५२४४००० | |
| २.२ | १३३१२ | शशर्त अनुदान चालु | | | | |
| ३ | | राजस्व बाँडफाट | १५७८१९००० | १५७८१९००० | १६०५७४४२९ | |
| ३.१ | ११४११ | संघीय | ११६०१४००० | ११६०१४००० | ११६८३२००० | |
| ३.२ | ११४५६ | प्रादेशिक | ४१८०५००० | ४१८०५००० | ४३७४२४२९ | |
| ४ | | आन्तारिक स्रोत | ७००००००० | ६३४०८८४४ | ८००००००० | |
| ४.१ | ११३१३ | एकिकृत सम्पत्ति कर | ७०००००० | ७९१५८८५ | ८५००००० | |
| ४.२ | ११३१४ | भुमिकर/मालपोत | १००००० | ४७३८८४ | २००००० | |
| ४.३ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ३००००० | ० | ३००००० | |
| ४.४ | ११६९१ | अन्य कर | ३५०००० | ३७१६४१ | ६००००० | |
| ४.५ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | १२०००००० | ३०९००० | १५०००००० | |
| ४.६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३५००००० | ३४६११०९ | ४०००००० | |
| ४.७ | १४२४२ | नक्सापास दस्तुर | २०००००० | ६३४०३४ | १०००००० | |
| ४.८ | १४२४४ | सिफारिस दस्तुर | ३०००००० | ४८७१०७३ | ६०००००० | |
| ४.९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १५०००० | १३२८१० | २००००० | |
| ४.१.१ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना जफत | १०००००० | १०००० | २००००० | |
| ४.१.२ | १४५२९ | अन्य राजस्व | ४०६००००० | ४५२२८६०८ | ४४०००००० | |
| | क | जम्मा (सशर्त अनुदान बाहेक) | **४०४८१६०००** | **३९८२२४८४४** | **४३०३१८४२९** | |
| | ख | घाटा बजेट/ मौज्दात | ७७६८४००० | | ३९६८१५७१ | |
| | | जम्मा (क+ख) | ४८२५००००० | | ४७००००००० | |

बैठक संख्या ९०

मिति २०७८।०२।२३

## ख. सिमा निर्धारण

| सि नं. | शिर्षक | ०७८/७९ बजेट रु हृ | कैफियत |
|---|---|---|---|
| १ | अनिवार्य दायित्व | १४३००० | |
| २ | समपूरक कोष | ३०००० | |
| ३ | कोरोना कोष | १०००० | |
| ४ | विषयगत शाखा | ३०००० | |
| ५ | १ ६ ८ १० ११ १२ र १३ १५०००००० दरले | १०५००० | ३० लाख घाटा बजेटबाट समावेश गरिनुपर्नेछ । |
| ६ | २ ३ ४ ५ ७ र ९ १४५००००० दरले | ८७००० | |
| ७ | नगरको कार्यक्रम | २०००० | |
| ८ | निरन्तरता दिने योजना | १०००० | |
| ९ | भण्डारा अस्पताल व्यवस्थापन | ५००० | |
| १० | विपत व्यवस्थापन | ५००० | |
| ११ | महिला तथा बालबालिका कार्यक्रम | २००० | |
| १२ | उत्पिडीत कार्यक्रम | १००० | |
| १३ | आदीबासी जनजाती कार्यक्रम | १५०० | |
| १४ | अपाङ कार्यक्रम | ५०० | |
| १५ | खेलकुद कार्यक्रम | २५०० | |
| १६ | पर्यटन कार्यक्रम | २५०० | |
| १७ | भूमीहिन समस्या तथा अव्यवस्थित बसोबास व्यवस्थापन | ३००० | |
| १८ | अति आवश्यक खानेपानी व्यवस्थापन | ३००० | |
| १९ | कृषक लक्षित उत्पादन मुलक रोजगार मुलक कार्यक्रम | ५००० | |
| २० | लागु औपध दुरव्यसनी न्यूनीकरण कार्यक्रम | १००० | |
| २१ | संचेतना सम्वन्धी जनचेतना मूलक कार्यक्रम | १००० | |
| २२ | सस्कृती प्रर्वद्धन | २००० | |
| | कुल जम्मा | ४७०००० | |

**निर्णय नं. ३**

रासी नगरपालिका गठन भएका तपसिल बमोजिमका समितिहरुबाट आएका राय सल्लाह सहित बैठकका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

अ) राजश्व परामर्श समिति
आ) श्रोत तथा सिमा निर्धारण समिति
इ) विषयगत शाखा प्रमुखको बैठक
ई) सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति
उ) विपद् व्यवस्थापन समिति
ऊ) आर्थिक विकास समिति
ऋ) पुर्वाधार विकास समिति
ऌ) विद्यायन समिति

बैठक संख्या ९०                                                                 मिति २०७८।०२।२३

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा असार ७ गते हुने भनिएको नगरसभाको ९ औ अधिवेशन अर्थात बजेट अधिवेशन को नीति तथा कार्यक्रम र बजेट बक्तव्य तयारी गर्न प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा कर्मचारीहरुको नगरसभा तयारी टिम गठन गरी विभिन्न राजनीतिक दल, विज्ञ सल्लाहाकार र नागरिक समाजबाट प्राप्त राय सल्लाहको अधारमा तयारी गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामि आर्थिक बर्षको लागि बजेट तथा योजनाका सन्दर्भमा सम्पुर्ण वडाहरुबाट योजना छनोट गरी मिति २०७८।०२।२९ सम्म बजेट सिलिङ ल्याइसक्नुपर्ने र अन्तिम बजेट तथा योजना तर्जुमाको लागी मिति २०७८ ।०२।३० गते बजेट तथा योजना तर्जुमा समितिको बैठक बस्ने गरी निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा रासी नगरपालिकाको आ.व. ०७८/०७९ को बजेट सभाको थप छलफल तथा तयारीका लागी आगामी कार्यपालिका बैठक मिति २०७८।०२।३१ गते विहान ७: ०० बजे बस्ने गरी निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ मा बर्ष भरी पर्ने दिवस समारोह कार्यक्रमका सन्दर्भमा कार्ययोजना तयारी गर्न कर्मचारीलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८**

रासी नगरपालिकाको समग्र आर्थिक विकास, बजेटको परिचालन तथा योजनाहरुको कार्यान्वयनका सन्दर्भमा आवश्यक देखिएका मस्यौदा समितिलाई मस्यौदा तयार गर्न सिफारिस गरिएका, तयार भइसकेका मस्यौदा कानुनहरु नगरसभाको नवौ अधिवेशनबाट स्वीकृत गर्ने गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने गरी बैठक पुर्वनै सम्पुर्ण कार्यपालिका सदस्यहरुलाई अध्ययनका लागी इमेल मार्फत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत रासी नगरपालिका ३६८ अति विपन्न परिवारलाई खरको छानो विस्तावित गरी जस्ता पाताको घर बनाइदिने निर्णय भएकोमा प्राप्त घरपरिवारको विवरण बमोजिम यहि जेठ मसान्तमा सम्झौता गर्ने गरी कार्यप्रक्रिया अघाडी बढाउने साथै रासी नगरपालिकाका १३ वटै वडाका लक्षित वर्गका समुदायलाई जनता आवास कार्यक्रम सिफारिस भएर आएको हुदाँ सम्झौता गरी निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

बैठक संख्या ९०

मिति २०७८।०२।२३

**निर्णय नं. १०**

आ.व.०७७।०७८ का बार्षिक कार्यक्रम तथा योजनाहरु यहि असार मन्सान्त सम्म सम्पन्न गरिसक्नुपर्ने भएकोले बाकी रहेका अति आवश्यक योजनाहरु ७ दिन भित्र सम्झौता गरिसक्न र सो मिति पछाडि कुनै पनि योजना सम्झौता नगर्न नगराउन सम्वन्धित सवैमा जानकारी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

अख्तियारमा उजुरी परी लामो समय सम्म भुक्तानी हुन बाँकी रहेको वडा नं. ४ को वनदेवी मार्ग कालोपत्रे र वडा नं.१३ को पोल्पिङ्ग हुदै स्यामराङ मोटर ट्याक बाटोको भुक्तानी नभएकोले समान र ज्याला भाडाको रकम बुझाउन नपाई उपभोक्ता समितिको भनाई, धम्की खानु परेको हुदाँ भुक्तानीको लागि नगरलाई वडावाट अनुरोध भई आएको र अख्तियारबाट समेत जति कार्य भएको छ सोको यथार्थ प्राविधिक मुल्याङ्कन गरी भुक्तानी दिन फरक नपर्ने मौखिक सुझाव प्राप्त भएको हुदाँ कार्यपालिकाको बैठकले समेत छानविन तथा मुल्याङकन समिति बनाइ सोको मुल्याङ्कन सहितको प्रतिवेदनको आधारमा पेश गरेको रकम भुक्तानी गर्ने निर्णय गरेकोमा मुल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएकोले वडा नं. ४ को वनदेवी मार्गको मुल्याङ्कन रु ३,२४,१३६।९३ र वडा नं. १३ को पोल्पिङ देखी स्यामराङ मोटर वाटोको रु २४२७१००।५१ गरी जम्मा रु २७,५१,२३७।४४ रकम भुक्तानी दिन स्वीकृत गरियो ।

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ मा छलफल गर्दा रासी ८ निवासी इच्छा डंगोल Staphy Lococcus Bacterial Infection and Mods रोगबाट ग्रसित भई उपचारको क्रममा ठूलो खर्च भएको र नगरपालिकामा सहयोगको लागि निवेदन प्राप्त भएकोले रु.१५,०००।— आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

रासी-११ बस्ने दिल बहादुर चेपाङको घरमा आगलागी भइ ठूलो क्षति भएकोले प्रहरी मुचुल्का सहित वडा सिफारिसको आधारमा रु.१०,०००।— आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

रासी-९ निवासी एलिसा तामाङ्ग मगरको दुर्घटनामा परी एउटा खुट्टा गुमाई हाल अस्पतालमा उपचार गराइरहेको र निजको उपचारमा धेरै खर्च भएकोले बिरामीको निवेदनको आधारमा रु.५०,०००।— आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

भूमीहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको अनलाइन डाटा इन्ट्री गर्ने सम्बन्धमा छलफल हुँदा रासी नगरपालिकाको वडा कार्यालयबाट प्राप्त भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको फारमहरु आयोगको प्रणालीमा अनलाइन प्रविष्ट गर्ने कार्य सूचारु गर्ने र सो कार्य वापत प्रती फारम इन्ट्री रु. ४० का दरले प्रविष्टकर्तालाई उपलब्ध गराउने निर्णय गरियो ।